आकाशवाणी हो।

समाचार अबिगेल राईबाट सुन्नुहोस्।

January 20th, 2025 Monday

प्रमुख समाचार:

- कोलकाताको सियालदह अदालतले आरजी कार दुष्कर्म र हत्या प्रकरणका मुख्य आरोपी सञ्जय रोयलाई आजीवन कारावासको सजाय घोषणा
- दिल्ली विधानसभा चुनावका लागि नाम फिर्ता लिने आज अन्तिम दिन
- श्री डोनाल्ड ट्रम्पले आज राति वाशिंगटनमा अमेरिकाको 47औं राष्ट्रपतिको रूपमा सपथ लिनु हुने
- विदेश मन्त्री डा. एस जयशंकर र जापानका विदेश मन्त्रीबीच द्विपक्षीय सहयोग र क्वाड सम्बन्धी घटनाक्रममा भएको प्रगतिबारे छलफल ।
- अनि राँचीमा हुने महिला हक्की इण्डिया लीगमा, JSW सूरमा हक्की क्लबले दिल्ली SG पाइपर्सको सामना गर्ने

## West Bengal – R G Kar – Sentence

कोलकाताको सियालदह अदालतले आरजी कार दुष्कर्म र हत्या प्रकरणका मुख्य आरोपी सञ्जय रोयलाई आजीवन कारावासको सजाय सुनाएको छ। अदालतले गत शनिबार यस मुद्दामा सञ्जय रोयलाई दोषी ठहर गरेको थियो । फैसला सुनाउँदा अदालतबाहिर ठूलो भीड जम्मा भएको थियो, जसलाई मध्यनजर गर्दै प्रहरीले कडा सुरक्षा व्यवस्था गरेको थियो । स्मरण रहोस्, गत अगस्त 9 मा आरजी कार मेडिकल कलेजको सेमिनार हलबाट महिला प्रशिक्षार्थी डाक्टरको शव फेला परेको थियो । भोलिपल्ट कोलकाता प्रहरीले सञ्जय रोयलाई पक्राउ गरेको थियो। पछि उनलाई सीबीआईको जिम्मा लगाइयो । सीबीआईले उनीविरुद्ध अदालतमा मुद्दा दायर गरेको थियो ।

NCW-RG Kar Case

राष्ट्रिय महिला आयोगले आरजी कार मेडिकल कलेजकी डाक्टरमाथि भएको दुष्कर्म र हत्याको मामिलामा कोलकाता अदालतको फैसला स्वागत गरेको छ। आयोगले यो सजायले समाजमा न्यायको भावना जगाउने र यस्ता अपराधीलाई कुनै हालतमा पनि नछोडिने  कुरा सबैलाई स्मरण गराउने बताएको छ ।

PM Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले खेलौना निर्माणमा भएको प्रगतिले सरकारको आत्मनिर्भरता प्रयासलाई बढावा दिएको र देशको परम्परा र उद्यमशीलतालाई पनि लोकप्रिय बनाएको बताउनुभएको छ। सामाजिक सञ्जाल मञ्चमा मन की बात अपडेटहरू द्वारा साझा गरिएको पोस्टको प्रतिक्रिया दिँदै, श्री मोदीले कार्यक्रमको एक श्रृंखलामा, उहाँले देशमा सामूहिक प्रयासहरू मार्फत खेलौना बनाउने परम्परालाई बढावा दिन आह्वान गर्नुभएको बताउनुभयो।

Mandaviya – Seminar

केन्द्रीय श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डवीयले आज श्रम बोर्डले छिट्टै गिग श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने बताउनुभयो । नयाँदिल्लीमा असंगठित क्षेत्रका कामदारहरूका लागि सामाजिक सुरक्षा कभरेजसम्बन्धी दुईदिने अन्तर्राष्ट्रिय गोष्ठीको उद्घाटनपछि उहाँले यस्तो बताउनुभएको हो। श्री मण्डवीयले श्रमिकका लागि विना भेदभाव सामाजिक सुरक्षा प्रदान गर्नु सरकारको प्राथमिकता रहेको बताउनुभयो ।

Delhi Election

दिल्ली विधानसभा चुनावका लागि नाम फिर्ता लिने आज अन्तिम दिन हो । ७० सिटका लागि ७१९ उम्मेदवार चुनावी मैदानमा छन् । मुख्य निर्वाचन अधिकृतका अनुसार एक हजार ५ सय २२ उम्मेदवारी मध्ये ४ सय ७७ जनाको उम्मेदवारी रद्द भएको छ । दिल्ली विधानसभा चुनाव फेब्रुअरी 5 मा हुनेछ र मतगणना फेब्रुअरी 8 मा हुनेछ।

Rajnath Singh - NCC

रक्षामन्त्री श्री राजनाथ सिंहले राष्ट्र निर्माण र समृद्धिमा योगदान पुर्‍याउने युवा राष्ट्रको सम्पत्ति भएको बताउनुभएको छ। दिल्लीमा राष्ट्रिय क्याडेट कोर - एनसीसी गणतन्त्र दिवस शिविर 2025 लाई सम्बोधन गर्दै, श्री सिंहले भारतको संस्कृति 140 करोड मानिसहरूको एकताले बाँधिएको र प्रत्येक व्यक्तिको विकासले समाजको प्रगतिलाई प्रतिबिम्बित गर्दछ भन्नुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

World Economic Forum

विश्व आर्थिक मञ्चको ५५औँ वार्षिक बैठक आजदेखि स्वीट्जरल्याण्डको डाभोसमा सुरु हुँदैछ । यो पाँच दिने कार्यक्रममा समावेशी विकास र डिजिटल क्रान्तिको भारतीय रुपरेखाको विशेष उल्लेख हुनेछ। सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णव, जलशक्ति मन्त्री श्री सी.आर. पाटिल, नागरिक उड्डयन मन्त्री श्री के. राममोहन नायडूले खाद्य प्रशोधन उद्योग मन्त्री श्री चिराग पासवान र सीप विकास तथा उद्यमशीलता राज्यमन्त्री श्री जयन्त चौधरीसँगै भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुनेछ।

Uttarakhand - UCC

उत्तराखण्ड मन्त्रिपरिषद्ले आज समान नागरिक संहिता-यूसीसी नियमहरूलाई स्वीकृत गरेको छ। अब समान नागरिक संहिता - यूसीसी कानून छिट्टै राज्यमा लागू हुने अपेक्षा गरिएको छ। मुख्यमन्त्री श्री पुष्करसिंह धामीले समान नागरिक संहिता - युसीसी सिङ्गो देशका लागि प्रेरणाको स्रोत बन्ने बताउनुभएको छ ।

Jammu – Kashmir Operation

उत्तरी कश्मीरको बारामुला जिल्लाको सोपोर क्षेत्रको जलोरा गुज्जरपाटीको जङ्गलमा आतंकवाद विरोधी अभियानका क्रममा सेनाका एक जवानको मृत्यु भएको छ। आतंककारीलाई पक्रन खोजी अभियान जारी रहेको सुरक्षा स्रोतले जनाएको छ ।

J $ K Team

जम्मू र कश्मीरमा एक उच्च-स्तरीय अन्तर-मन्त्रालय टोलीले आज राजौरी जिल्लाको बधल गाउँको भ्रमण गरेको छ। भ्रमणको उद्देश्य यस गाउँमा 45 दिनभित्र रहस्यमय परिस्थितिमा तीन परिवारका 17 सदस्यहरूको मृत्युको कारण पत्ता लगाउनु थियो। यसअघि केन्द्रीय गृहमन्त्री श्री अमित शाहले यससम्बन्धी अनुसन्धान गर्न अन्तर-मन्त्रालय टोली गठन गर्न आदेश दिनुभएको थियो।

Postal – 75th Constitution

भारतको संविधान  लागू भएको ७५ वर्षको स्मरणमा डाक विभागले नयाँ दिल्लीस्थित राष्ट्रिय टिकट संग्रहालयमा तीन दिने कार्यक्रमको आयोजना गरेको छ । सञ्चारमन्त्री श्री ज्योतिरादित्य सिन्धियाले आज राष्ट्रिय टिकट संग्रहालयको भ्रमण गर्नुभयो । पत्रकारहरूसँग कुरा गर्दै श्री सिन्धियाले देशलाई प्रगति र समृद्धिको बाटोमा लैजानको लागि भारतीय संविधान हाम्रो मार्गदर्शक हो भन्नुभयो ।

Donald Trump Oath Ceremony

अमेरिकाको ४७ औं राष्ट्रपतिका रुपमा आज श्री डोनाल्ड ट्रम्पले सपथ ग्रहण गर्दै हुनुहुन्छ । अमेरिकी प्रधानन्यायाधीश श्री जोन रोबर्ट्सको उपस्थितिमा वासिङ्टन डिसीमा भारतीय समय अनुसार राति साढे आठ  बजे सपथ ग्रहण हुनेछ । । सपथ ग्रहण समारोहमा धेरै विदेशी राजनीतिज्ञहरु सहभागी हुने सम्भावना छ । विदशमन्त्री डा. एस. जयशंकरले भारतको प्रतिनिधित्व गर्नु हुनेछ । विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरले आज अमेरिकाको वाशिङ्टन डिसीमा जापानी विदेशमन्त्री श्री ताकेशी इवायासँग भेटवार्ता गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै डा जयशंकरले द्विपक्षीय सहयोगमा भएको प्रगति र क्वाडसँग सम्बन्धित विकासबारे छलफल भएको बताउनुभयो । डा जयशंकरले अष्ट्रेलियाका विदेशमन्त्री श्री पेनी वोङसँग पनि भेट गर्नुभयो ।

JSW Hockey

जेएसडब्ल्यू सुरमा हक्की क्लबले आज रांचीमा महिला हक्की इण्डिया लिगमा दिल्ली एसजी पाइपर्सको सामना गर्दैछ। खेल भारतीय समय अनुसार साँझ ६ बजेबाट सुरु हुने बताइएको छ । पुरुषतर्फ श्राची राढ़ बंगाल टाइगर्सले राउरकेलाको जेएसडब्लू सुरमा हक्की क्लबसँग प्रतिस्पर्धा गर्नेछ । यो खेल राति सवा आठ बजे सुरु हुनेछ।

प्रमुख समाचार पुन: एकपटक

- कोलकाताको सियालदह अदालतले आरजी कार दुष्कर्म र हत्या प्रकरणका मुख्य आरोपी सञ्जय रोयलाई आजीवन कारावासको सजाय घोषणा
- दिल्ली विधानसभा चुनावका लागि नाम फिर्ता लिने आज अन्तिम दिन
- श्री डोनाल्ड ट्रम्पले आज राति वाशिंगटनमा अमेरिकाको 47औं राष्ट्रपतिको रूपमा सपथ लिनु हुने
- विदेश मन्त्री डा. एस जयशंकर र जापानका विदेश मन्त्रीबीच द्विपक्षीय सहयोग र क्वाड सम्बन्धी घटनाक्रममा भएको प्रगतिबारे छलफल ।
- अनि राँचीमा हुने महिला हक्की इण्डिया लीगमा, JSW सूरमा हक्की क्लबले दिल्ली SG पाइपर्सको सामना गर्ने

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।